## भर्मोन्ट बाल तथा परिवार विभाग (DCF)

**बालबालिका सुरक्षित राख्ने र परिवारहरू सुदृढ बनाउनका लागि जिम्मेवार प्रान्तीय निकाय हो ।**

बालबालिका तथा युवाहरूले निम्न सुविधाहरू प्राप्त गर्ने कुरा सुनिश्चित गर्नका लागि हाम्रो फ्यामिली सर्भिसेज डिभिजन (FSD) ले परिवार र अरूहरूसँग सहकार्य गर्दछ:

- दुर्व्यवहारबाट सुरक्षित हुने
- उनीहरूका आधारभूत आवश्यकताहरू पूर्ति हुने (जस्तै, खाना, कपडा, आश्रय र स्वास्थ्य सेवा)
- उनीहरूको आरोग्य र शिक्षा सुनिश्चित गर्नका निम्ति अभिभावकीय स्याहार, सहायता र सुपरीवेक्षण प्राप्त गर्ने

## FSD ले मेरो परिवारलाई किन सम्पर्क गरेको हो ?

हामीले तपाईंको बच्चाको सुरक्षा र स्वास्थ्यका बारेमा सरोकार राख्ने कोही व्यक्तिबाट कल प्राप्त गरेका हुन सक्छौं ।

उक्त कल परिवारको सदस्य, साथीभाइ, छिमेकी वा तपाईंको बच्चालाई चिनेको कोही व्यक्तिले गरेको हुन सक्छ ।

बच्चाका बारेमा आफ्नो चासो बताउनका लागि जोकोहीले पनि कल गर्न सक्छन् । डाक्टर, शिक्षक र बाल स्याहार प्रदायक जस्ता केही मान्छेले बाल दुर्व्यवहार वा लापरबाही गरेको शङ्का लागेमा कानुनी रूपमा नै अनिवार्य रिपोर्ट गर्नुपर्ने हुन्छ ।

**हामी यस्ता कललाई *रिपोर्ट* भन्छौं ।**

## तपाईंले मेरो परिवारका बारेमा प्राप्त गर्नुभएको रिपोर्टमा के कारबाही भयो ?

सुपरीवेक्षकले:

1. रिपोर्टको समीक्षा गर्नुभयो ।
2. तपाईंको बच्चाको उमेर र रिपोर्ट गरिएको चासोको प्रकृतिका बारेमा विचार गर्नुभयो ।
3. भर्मोन्टको कानुन र FSD को नीतिबमोजिम प्रतिक्रिया (हस्तक्षेप) गर्न आवश्यक रहेको निर्णय लिनुभयो ।
4. उपयुक्त हस्तक्षेप चयन गर्नुभयो: मूल्याङ्कन वा अनुसन्धान ।
   *केही अवस्थामा हामीले कानुनबमोजिम अनुसन्धान गर्नुपर्ने हुन्छ । यसमा बच्चालाई वयस्कले यौन दुर्व्यवहार गरेको आरोप लागेको अवस्था पनि पर्दछ ।*
5. तपाईंको मामिलामा एक जना कर्मचारी तोक्नुभयो ।
   *चयन गरिएको हस्तक्षेप सामान्यतया 72 घण्टाभित्र सुरु हुन्छ । तपाईंले हामी तपाईंको परिवारसँग संलग्न छौं भन्ने कुरा थाहा पाउनुभएपछि त्यो सुरु हुने सम्भावना हुन्छ ।*

कर्मचारीले तपाईंलाई रिपोर्ट गर्ने व्यक्तिको पहिचान खुलाउन मिल्दैन । रिपोर्टका कारण अदालत वा मानव सेवा बोर्डमा सुनुवाइ हुने भएमा भने पहिचान खुलाउन सकिन्छ ।

## हस्तक्षेपकारी कारबाही कसरी सुरु हुन्छ ?

अनुसन्धानका क्रममा:

1. एक जना कर्मचारीले रिपोर्ट गरिएको बच्चाको अन्तर्वार्ता लिनुहुने छ वा अवलोकन गर्नुहुने छ ।
   *यदि आवश्यक देखिएको खण्डमा हामी कानुनबमोजिम तपाईंलाई थाहा नदिईकन वा अनुमति नलिईकन यसो गर्न सक्ने छौं ।*
2. अन्तर्वार्ताका क्रममा शिक्षक वा स्कुलको नर्स जस्ता तटस्थ पक्ष उपस्थित हुने छन् ।
3. हामी तपाईंलाई पछि जतिसक्दो छिटो अन्तर्वार्ता र रिपोर्टका बारेमा बताउने छौं ।

मूल्याङ्कनका क्रममा:

1. रिपोर्ट गरिएका चासोहरूका बारेमा छलफल गर्न एक जना कर्मचारीले तपाईंलाई सम्पर्क गर्नुहुने छ ।
2. उहाँले तपाईंसँग रिपोर्टमा उल्लेख गरिएको बच्चासँग कुरा गर्ने वा अवलोकन गर्ने अनुमति माग्न सक्नुहुन्छ ।
3. तपाईंले अनुमति दिनुभएन र सुरक्षासम्बन्धी चासोहरू छन् भने पनि हामीले अनुसन्धान गर्ने नै निर्णय लिन सक्छौं ।

**हामी सम्पर्कमा रहिरहनुपर्ने हुन्छ !**

हामीलाई निम्न कुराहरू बताउन नबिर्सनुहोस्:

- तपाईंलाई सम्पर्क गर्ने उत्कृष्ट तरिका (जस्तै, इमेल ठेगाना) ।
- तपाईंको बसोबासको स्थिति वा पत्राचार ठेगाना परिवर्तन भएको खण्डमा ।

## हस्तक्षेपकारी कार्यमा के हुन्छ ?

अनुसन्धान र मूल्याङ्कन दुवैमा निम्न चरणहरू हुन सक्छन् ।

चरण 1: बाल सुरक्षा मूल्याङ्कन गर्ने

कर्मचारीले निम्न प्रयोजनका लागि *SDM® सुरक्षा मूल्याङ्कन औजार* प्रयोग गर्नुहुने छ:

a. तपाईंको बच्चाको तात्कालिक सुरक्षा मूल्याङ्कन गर्न ।
b. तपाईंको बच्चा *सुरक्षित छन्, योजना सहित सुरक्षित हुन्छन्* वा *असुरक्षित छन्* भन्ने कुरा निर्धारण गर्न ।

चरण 2: पारिवारिक जोखिम मूल्याङ्कन गर्ने

कर्मचारीले निम्न प्रयोजनका लागि *SDM® जोखिम मूल्याङ्कन औजार* प्रयोग गर्नुहुने छ:

a. हस्तक्षेप नगरीकन भविष्यमा हानि पुग्ने जोखिम मूल्याङ्कन गर्न ।
b. जोखिमको स्तर निर्धारण गर्न: *न्यून, मध्यम, उच्च* वा *अति उच्च* ।

चरण 3: नतिजाहरू निर्धारण गर्ने

जोखिम *उच्च* वा *अति उच्च* छ भने हामी चालु सेवाहरूका लागि केस सुरु गर्न सक्छौं जसले तपाईंको परिवारलाई सबल बन्न मद्दत गर्ने छ ।

हामीले अनुसन्धान गरेका थियौं भने हामी रिपोर्ट गरिएको दुर्व्यवहार वा लापरबाही भएको थियो कि थिएन भन्ने कुरा निर्धारण गर्ने छौं । यदि थियो भने:

- रिपोर्ट प्रमाणित भएको ठहर्छ ।
- प्रमाणित व्यक्तिको नाम बाल संरक्षण रजिस्ट्रीमा समावेश गरिन सक्छ ।

## त्यसपछि के हुन्छ ?

हामीले चालु सेवाहरूका लागि केस सुरु गर्‍यौं भने हामी तपाईंको घर सुरक्षित राख्न, तपाईंको बच्चालाई घरमा राख्न र तपाईंको परिवारलाई बलियो बनाउनका निम्ति एउटा योजना बनाउन मद्दत गर्ने छौं ।

यसअन्तर्गत निम्न कुराहरू समावेश हुन्छन्:

1. तपाईंको बच्चाको स्थिति मूल्याङ्कन गर्ने (जस्तै, शारीरिक तथा मानसिक स्वास्थ्य) ।
2. तपाईंको परिवारको सबल पक्ष र चुनौतीहरू पहिचान गर्ने । यसअन्तर्गत तपाईंले सम्बोधन गर्नुपर्ने समस्याहरू र ती समस्या के कारणले भएको छ भन्ने कुरा पर्छन् ।
3. मद्दत गर्न सक्ने परिवार र साथीभाइको सञ्जाल बनाउने ।
4. तपाईंको परिवारलाई मद्दत गर्ने सेवा तथा सहायताहरू पहिचान गर्ने । यसअन्तर्गत परामर्श, पालनपोषण सम्बन्धी कक्षा, रोजगारी प्रशिक्षण र नशालु पदार्थको उपचार र पुनर्स्थापना समावेश हुन सक्छन् ।

## के तपाईंले मेरो बच्चा लैजानुहुने छ ?

यसको जवाफ सधैंजसो होइन नै हुन्छ ।

तर हामीलाई तपाईंको बच्चा सुरक्षित छैन भन्ने लाग्यो भने हामी अदालतलाई उक्त अवस्थाको समीक्षा गर्न अनुरोध गर्न सक्छौं । त्यसपछि न्यायाधीशले निर्णय लिनुहुने छ ।

## म यस सम्बन्धमा थप जानकारी कहाँ पाउन सक्छु ?

निम्न प्रयोजनका लागि dcf.vermont.gov/fsd मा जानुहोस्:

- हामीले बालबालिका, युवा र परिवारहरूसँग काम गर्दा लागू हुने कानुन, नीति र नियमहरूका बारेमा जान्न ।
- *DCF को फ्यामिली सर्भिसेज डिभिजनको अभिभावकीय निर्देशिकाको* प्रति प्राप्त गर्न ।
- अन्य प्रकाशनहरूको प्रति प्राप्त गर्न ।

## म थप मद्दत कहाँ प्राप्त गर्न सक्छु ?

तपाईंका कर्मचारीले तपाईंलाई तपाईंको परिवारलाई मद्दत गर्न सक्ने कार्यक्रमहरूमा जोड्न सक्नुहुन्छ ।

तपाईं आफैं पनि मद्दत प्राप्त गर्न सक्नुहुन्छ । यसका लागि तपाईं DCF को वेबसाइटबाट सुरु गर्न सक्नुहुन्छ । तपाईंलाई निम्न कार्यमा मद्दत गर्न सक्ने कार्यक्रमहरू फेला पार्न dcf.vermont.gov मा जानुहोस्:

- तपाईंको परिवारका आधारभूत आवश्यकताहरू पूरा गर्ने (जस्तै, बाल स्याहार, बिजुली, खाद्यान्न, इन्धन र पानी) ।
- तपाईंको बालबालिकाको स्वस्थ विकास र आरोग्य सुनिश्चित गर्ने ।
- तपाईंलाई आर्थिक रूपमा आफ्नो परिवारको स्याहार गर्न मद्दत गर्ने लक्ष्यहरू पूरा गर्न ।

साथै, तपाईं भर्मोन्टको जुनसुकै ठाउँबाट 2-1-1 डायल गरेर अन्य संशाधनहरूका बारेमा जान्न सक्नुहुन्छ ।

## डिस्ट्रिक्ट कार्यालयहरू

Barre: (802) 479-4260

Bennington: (802) 442-8138

Brattleboro: (802) 257-2888

Burlington: (802) 863-7370

Hartford: (802) 295-8840

Middlebury: (802) 388-4660

Morrisville: (802) 888-4576

Newport: (802) 334-6723

Rutland: (802) 786-5817

Springfield: (802) 289-0648


St. Albans: (802) 527-7741

St. Johnsbury: (802) 748-8374

**आफ्नो कर्मचारीलाई निम्न कुराहरू थाहा दिनुहोस्:**

- **तपाईंलाई बोल्न र पढ्न सजिलो हुने भाषा ।**
- **तपाईं हामीले पठाएका सामग्री बुझ्नुहुन्छ भन्ने कुरा सुनिश्चित गर्न तपाईं निःशुल्क दोभाषे सेवाहरू चाहनुहुन्छ भने ।**
- **तपाईं वा तपाईंको बच्चा अपाङ्ग भएकाले तपाईं उचित व्यवस्था चाहनुहुन्छ भने ।**

10,000 • 07/22






# बाल सुरक्षा हस्तक्षेपहरू

## *सम्बन्धी अभिभावक निर्देशिका*

VERMONT
DEPARTMENT FOR CHILDREN & FAMILIES
FAMILY SERVICES DIVISION